प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)

# राष्ट्रिय सीप परीक्षण समिति (NSTB)

मध्यपुर थिमी २, सानोठिमी, भक्तपुर

## पूर्व सिकाईको मान्यता (RPL) विधिबाट सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०७८।११।३०

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति **(NSTB)** बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS P-II) को सहयोगमा **पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL ) विधिबाट नि:शुल्क** संचालन हुने **एकाईगत दक्षता (Unit Competency ) को** सीप परीक्षणमा सम्मिलित हुन इच्छुक १६ वर्ष उमेर पुगेका तथा **वैदेशिक रोजगारबाट फर्केका वा सम्बन्धित पेशामा कार्य अनुभव भएका** नेपाली नागरिकहरुबाट आफुलाई पायक पर्ने तपसिल वमोजिमका केन्द्रमा गई आवेदन फारम पेश गर्नुहुन वा व्यक्तिगत अनलाईन फारम भर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

**क) आवेदन फारम संकलन केन्द्रहरु, परीक्षण हुने व्यवसाय र तह:**

| | |
|---|---|
| **प्रदेश नं. १ का केन्द्रहरु** | |
| **परिषद् प्रदेश कार्यालय, इटहरी, सुनसरी । फोन:०२५-५८६७४०/५८७०१९, ९८४२७७१७०५ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको प्रादेशिक सहयोग एकाइ, सामाजिक विकास मन्त्रालय, विराटनगर, मोरङ्ग फोन नं ०२१ ( ५९०७०५, ९८४२६४८०७९** | |
| **व्यवसाय र तह** | |
| क) गार्मेन्ट फेब्रिकेटर - तह १ (अन्तर्गतका एकाइ) | ख) प्लम्बर - तह २ (अन्तर्गतका एकाइ) |
| ग) टाइल एण्ड मार्बल फिक्सर - तह १ (अन्तर्गतका एकाइं) | घ) विल्डिङ्ग पेन्टर - तह २ (अन्तर्गतका एकाइ) |
| ङ) वेल्डर - तह २ (अन्तर्गतका एकाइ) | च) कन्स्ट्रक्सन मेसन - तह २ (अन्तर्गतका एकाइ) |

**ख) आवेदनको लागि न्यूनतम अनुभव:**

- **तह १ को लागि** - सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको
- **तह २ को लागि** - सम्बन्धित व्यवसायको ज्ञान र सीप भै सम्बन्धित पेशामा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको,

वा

सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भै सम्बन्धित व्यवसायमा १ वर्षको कार्य अनुभव भएको

**ग) सीप परीक्षण सहभागीले आवेदन फाराम भर्दा पालना गर्नुपर्ने शर्तहरु:**

१. यस सुचना, सम्बन्धित व्यवसायको स्व:घोषणा फारम (Self declaration form) तथा आवेदन फारम CTEVT, राष्ट्रिय सीप परीक्षण समिति (NSTB) कमश: www.ctevt.org.np , www.nstb.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ । व्यक्तिगत अनलाईन फारम भर्नका लागि आवेदकहरुले www.nstb.org.np को Database मा क्लिक गरी वा google chrome मा 202.45.147.85:1515 code बाट User login गरी User guide प्रयोग गर्न सकिनेछ ।

२. आवेदन फारम तोकिएको केन्द्रमा मिति २०७८।१२।२० गते भित्र बुझाउनु पर्नेछ । आवेदन फारम बुझाउने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्टसम्म बुझाउन सकिनेछ । केन्द्रमा फारम बुझाउने आवेदकले बुझाउने दिनमा रेजिस्ट्रेसन शुल्क २७०।-(रु. दुई सय सत्तरी मात्र) सम्बन्धित केन्द्रमा बुझाउनु पर्नेछ । व्यक्तिगत अनलाईन फारम भर्नुहुने आवेदकले आवेदन फारम र सम्बन्धित व्यवसायको स्व:घोषणा फारम **(Self declaration form)** भरे पछि स्क्यान गरी अनलाईन अपलोड गर्नुपर्ने छ । फारम रुजु गरी स्वीकृत भएको जानकारी प्राप्त पश्चात मात्र सो बापत परीक्षण समिति, सानोठिमी, भक्तपुरको नाममा रहेको रा.बा.बैकको खाता नं. **१७३०१०००००१८३००१ सि.टि.ई.भि.टि सीप** मा रेजिस्ट्रेसन शुल्क २७०।-(रु. दुई सय सत्तरी मात्र) रकम जम्मा गरि सक्कल भौचर स्क्यान गरी अपलोड गर्नुपर्ने छ । रित नपुगि बुझाएको रेजिस्ट्रेसन शुल्क फिर्ता हुनेछैन ।

३. आवेदन फारम तथा Self declaration form को साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता

४. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुले आवेदन फाराम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभवपत्र (अंगेजी वाहेक अन्य भाषा भएमा अंग्रेजीमा अनुवाद गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ ।

५. **परामर्श सेवाको दिन सामेल हुन**, व्यक्तिगत अनलाईन फारम भर्नुहुने आवेदकले माथिको ३ र ४ नं बुंदाहरुमा उल्लेख भएका आवेदन फारम, Self declaration form र रा.बा.बैकको खातामा रकम जम्मा गरेका सक्कल भौचर तथा अन्य अनलाईनमा अपलोड गरेका सम्पूर्ण कागजातहरु सक्कल तथा छांया कपि अनिवार्य ल्याउनु पर्नेछ । केन्द्रहरुमा फारम बुझाएका आवेदकले आवेदन फारम र Self declaration form बाहेक अन्य पेश गरेका सम्पूर्ण कागजातहरु सक्कल अनिवार्य ल्याउनु पर्नेछ ।

६. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरु अपुग रहेको तथा तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारामहरु स्वत: रद्द हुनेछन् ।

७. कुनै व्यवसायमा स्वीकृत आवेदन फारम संख्या पाँच भन्दा कम भएमा सो व्यवसायको परामर्श कार्य तथा सीप परीक्षण संचालन गरिने छैन । अनलाईन भुक्तानी वापतको शुल्क सम्बन्धित केन्द्रमा निवेदन दिई फिर्ता पाउन सकिनेछ । परामर्श कार्यबाट छानिएका परीक्षार्थीहरु मात्र सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

८. परामर्श कार्य तालिका र सीप परीक्षण तालिका समितिको वेभ साइट www.nstb.org.np मा प्रकाशित गरिने छ साथै SMS द्धारा जानकारी गराइनेछ । प्रवेशपत्र सीप परीक्षण आवेदन फारम भरेकै केन्द्रबाट सहभागी आफैं उपस्थित भई सीप परीक्षणको अघिल्लो दिन भित्र प्राप्त गर्न सकिने छ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण संचालन हुन सक्नेछ ।

९. यसभन्दा अगाडि सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरुले पहिले सीप परीक्षणमा सहभागी हुंदा सीप परीक्षण समितिबाट उपलव्ध गराईएको रजिष्ट्रेशन नं. आवेदन फारममा अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

१०. सीप परीक्षण आवेदन फारम संकलन केन्द्रले आवेदन संकलन गर्दा **आवश्यक कागजात पुगेको एकिन गरेर मात्र** अनलाइन फारम इन्ट्री गरी राष्ट्रिय सीप परीक्षण समितिबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री वापत प्रति फारम रु. ७०।- का दरले कट्टा गरी प्रति व्यक्ति रु. २००।- दरले हुने रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुरको नाममा रहेको रा.बा. बैकको खाता नं. **१७३०१०००००१८३००१ सि.टि.ई.भि.टि सीप** मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान गरी अपलोड गर्नुपर्ने छ ।

११. सीप परीक्षण केन्द्रले संकलन भएका आवेदन फारमहरु (**आवश्यक कागजात पुगेको रुजु/एकिन गरी**) सोही दिन अनलाइन (Online) मा केन्द्र आफैले प्रविष्ट गर्नु पर्नेछ । यस सम्बन्धि थप जानकारी चाहिएमा संकलन केन्द्र र व्यक्तिगत अनलाईन फारम भर्नुहुने आवेदकले मोवाइल नं. ९८४१२४९३४३ मा सम्पर्क राख्न सकिने छ ।

१२. COVID १९ को जोखिम कायम रहेको वर्तमान अवस्थामा नेपाल सरकारले तोकेका स्वास्थ्य सुरक्षा मापदण्डहरु पूर्ण रुपमा अनिवार्य पालना गर्नु परीक्षार्थी समेतको दायित्व भएको हुंदा मापदण्ड पालना गरेर मात्र सीप परीक्षण सम्बन्धित प्रकृयामा सहभागी हुन सम्बन्धित सबैमा अनुरोध छ ।

थप जानकारीका लागि राष्ट्रिय सीप परिक्षण समितिको फोन नं. ०१६६३८१५३, ६६३५१९५ तथा मोवाईल नं. ९८५११६३९६४ र ९८५११२७०८० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**- निर्देशक**